# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१

प.सं: २०७९/८० ओखलढुङ्गा (१ नं. प्रदेश), नेपाल

**सामुदायिक मनोसामाजिक कार्यकर्ता (cpsw) पद करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः२०७९/०८/१९)

यस नगरपालिका तथा संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (UNFPA) को आर्थिक सहयोग, मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (CMC Nepal) को प्राविधिक सहयोग र IPAS Nepal को सहकार्यमा यस नगरपालिकामा सञ्चालित मनोसामाजिक सहयोग कार्यक्रम अन्तर्गत यस नगरपालिकाको वडा नं. १ र ४ मा कामकाज गर्न देहाय वमोजिमको पद सेवा करारमा खुला प्रतिष्पर्धाबाट पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता तथा अनुभव पूरा भएका इच्छुक नेपाली नागरिकहरुले १५ (पन्ध्र) दिनभित्र माग वमोजिमका विवरण र यस कार्यालयको रा.वा.बैंक ओखलढुङ्गा शाखाको हि.नं. २०७०१००३०१०१०००३ मा जम्मा गरिएको सक्कल भौचर् वा कार्यालयको राजश्व शाखामा नगद बुझाएको सक्कल रसिद सहित यस कार्यालयमा दरखास्त दिन आव्हान गरिन्छ ।

तपसिलः

| विज्ञापन नम्बर | पद | संख्या | मासिक तलव | यातायात र सञ्चार खर्च मासिक | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| ०५।०७९।०८० | सामुदायिक मनोसामाजिक कार्यकर्ता | २ (दुई) | रु.१६,५००।- | रु.२,०००।- | रु.३००।- |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः-**

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको, (सो सम्बन्धी तालिम प्राप्त वा अनुभवीलाई विशेष प्राथमिकता दिईनेछ )

ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

२. **दरखास्त दिने स्थानः** सिद्धिचरण नगर कार्यपालिकाको कार्यालय, ओखलढुङ्गा ।

३. **दरखास्त दिने अन्तिम मितिः** २०७९।०९।०४ गते कार्यालय समयभित्र, सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन ।

४. **दरखास्त दस्तुरः रु.३००।-**

५. **छनौटको किसिमः** लिखित परीक्षा तथा अन्तरवार्ता ।

६. **दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजातहरुः** दरखास्तवाला स्वयंले प्रमाणित गरेको देहाय वमोजिमको कागजातहरुको प्रतिलिपिः-

क) नेपाली नागरिकता,
ख) न्यूनतम योग्यताको लब्धाङ्क पत्र,
ग) अनुभव वा तालिम लिएको भए सो को प्रमाण पत्र,
घ) २ प्रति पासपोर्ट साइजको फोटो ।

७. अन्यः दरखास्त फाराम, परीक्षाको पाठ्यक्रम यस कार्यालयको Website:www.siddhicharanmun.gov.np बाट तथा यस कार्यालयमा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

**यस सम्बन्धी थप जानकारी लिनुपर्ने भएमा ९८४२९४०६०७ सरिता तामाङलाई सम्पर्क गर्न सकिनेछ**